नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

मितिः २०८१/०९/११

# चार्टर्ड एकाउन्टेन्सी शिक्षाको नयाँ पाठ्यक्रम सम्बन्धी जानकारी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ५(घ) बमोजिम लेखाव्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन लेखाव्यवसायीको दर्ता, योजना तथा परीक्षा प्रणालीलाई अन्तराष्ट्रिय मान्यता र प्रचलन अनुरुप विकसित गर्ने उद्देश्य अन्तर्गत चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रदान गर्दै आएको छ । यसरी संस्थाले प्रदान गर्दै आएको चार्टर्ड एकाउन्टेन्सी शिक्षालाई अझ सान्दर्भिक तथा समय सापेक्ष बनाउँदै अन्तराष्ट्रिय स्तरमा नै प्रतिस्पर्धात्मक बनाउने उद्देश्यले लेखा व्यवसायको सर्वोच्च निकाय International Federation of Accountants (IFAC) बाट जारी भएको International Education Standards (IES) को मापदण्ड अनुरुप The Institute of Chartered Accountants in England and Wales (ICAEW) सँगको प्राविधिक सहयोगमा ११ विषयको तथा स्थानिय रुपमा ५ विषयको गरी चार्टर्ड एकाउन्टेन्सी शिक्षाको जम्मा १६ विषयको नयाँ पाठ्यक्रम विकास गरेको छ ।

सो पाठ्यक्रम संस्थाको सरोकारवालाहरुसँग तथा परिषद्मा विभिन्न चरणमा छलफल भई परिषद्को मिति २०७९ फाल्गुन १२ गते बसेको २९४ औं बैठकबाट ११ विषयको पाठ्यक्रम र मिति २०८० आषाढ १ गते बसेको २९९ औं बैठकबाट ५ विषयको पाठ्यक्रम स्वीकृत भई परिषद्को मिति २०८१ मंसिर २७ गते बसेको ३३९ औं बैठकबाट सार्वजनिक गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

सो पाठ्यक्रम यस संस्थाको वेबसाइट The Institute of Chartered Accountants of Nepal (ICAN) | New CA Syllabus मा राखिएको व्यहोरा जानकारी गराइन्छ । नयाँ पाठ्यक्रम लागु गरिने मिति तथा नयाँ पाठ्यक्रम सम्बन्धी Course Modality को विस्तृत विवरण परिषद्बाट स्वीकृत भए पश्चात् सम्बन्धित सबैमा जानकारी गराइनेछ ।

साथै सो पाठ्यक्रमको Course Modality सँग सम्बन्धित राय, सल्लाह, सुझाव education@ican.org.np मार्फत पठाउन सकिने व्यहोरा समेत अवगत गराईन्छ ।

.................................
सिए. सुरेन्द्र भुषण श्रेष्ठ
कार्यकारी निर्देशक

**ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774**
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np
Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np